# लोपोन्मुख तथा सीमान्तकृत समुदायको लागि जीविकोपार्जन र आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

प्रस्तावना: कर्णाली प्रदेशमा बसोबास गर्ने लोपोन्मुख तथा सीमान्तकृत समुदायको लागि जीविकोपार्जन तथा आयआर्जन कार्यक्रम सञ्चालन गरी त्यस्तो समुदायको जीवनस्तरमा सुधार गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सुशासन नियमावली, २०७९ को नियम ८ को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "लोपोन्मुख तथा सीमान्तकृत समुदायको लागि जीविकोपार्जन र आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले लाभग्राही वा लक्षित वर्गको आर्थिक तथा सामाजिक समुन्नतिका लागि दफा ४ बमोजिम सञ्चालन हुने कार्यक्रम तथा क्रियाकलाप सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले जिल्लास्थित सामाजिक विकास कार्यालय सम्झनु पर्छ र सो शब्दले शिक्षा विकास निर्देशनालय समेत जनाउँछ।

(ग) "बिउपुँजी" भन्नाले सहकारी मार्फत लोपोन्मुख तथा सीमान्तकृत समुदायलाई जीविकोपार्जन र आयआर्जनमूलक व्यावसायिक कार्य गर्नका लागि उपलब्ध गराइएको रकम सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ङ) "लाभग्राही वा लक्षित वर्ग" भन्नाले लोपोन्मुख तथा सीमान्तकृत समुदायको व्यक्ति वा सो व्यक्ति आवद्ध सहकारी सम्झनु पर्छ।

(च) "लोपोन्मुख तथा सीमान्तकृत समुदाय" भन्नाले कर्णाली प्रदेशमा स्थायी बसोवास गर्ने राउटे, कुसुन्डा, राजी, डोल्पो, बोटे, माझी, कुमाल, गन्धर्व, वादी समुदाय र मुक्त हलियाको परिवारलाई सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले दफा १० बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(ज) "सहकारी" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई कर्णाली प्रदेश भित्र सञ्चालनमा रहेको सहकारी संस्था सम्झनु पर्छ।

३. कार्यक्रमको क्षेत्र: कार्यक्रमको क्षेत्र देहाय बमोजिम हुनेछ:-

(क) परम्परागत तथा आधुनिक पेशा, व्यवसाय र सिपमा आधारित उद्यम विकासका लागि क्षमता एवम् सिप अभिवृद्धि,

(ख) स्वास्थ्य र शिक्षा,

(ग) जीविकोपार्जन र आयआर्जन।

४. कार्यक्रम तथा क्रियाकलाप: दफा ३ बमोजिमको क्षेत्रमा देहाय बमोजिमका कार्यक्रम सञ्चालन गरिनेछ:-

(क) सचेतना अभिवृद्धि तथा अभिमुखीकरण कार्यक्रम,

CamScanner

(ख) शिक्षा तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम,

(ग) सिप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम,

(घ) बिउपुँजी परिचालन मार्फत जीविकोपार्जन र आयआर्जन कार्यक्रम।

५. लाभग्राही वा लक्षित वर्ग छनोटका आधार: (१) कार्यालयले कार्यक्रम सञ्चालन गर्न लाभग्राही वा लक्षित वर्ग छनोट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लाभग्राही वा लक्षित वर्ग छनोट गर्दा देहाय बमोजिमका आधारमा गर्नु पर्नेछः-

(क) अपाङ्गता भएका व्यक्ति,

(ख) यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्ति,

(ग) एकल महिला,

(घ) परिवारमा कुनै नियमित आय नभएको व्यक्ति,

(ङ) सम्वन्धित स्थानीय तहले आर्थिक रुपमा कमजोर भनी सिफारिस गरेको व्यक्ति।

(३) उपदफा (२) बमोजिमका लाभग्राही वा लक्षित वर्गका लाभग्राहीको सङ्ख्या निर्धारण वार्षिक स्वीकृत बजेट अनुसार निर्धारण गर्नु पर्नेछ।

६. सचेतना अभिवृद्धि तथा अभिमुखीकरण कार्यक्रम: कार्यालयले लाभग्राही वा लक्षित वर्गमा प्रचलनमा रहेका हानिकारक सामाजिक अभ्यास न्यूनीकरण र स्वास्थ्य अवस्था सुधार गर्न देहाय बमोजिमको कार्यक्रमको सञ्चालन गर्न सक्नेछः-

(क) स्वास्थ्य, सरसफाई चेतना अभिवृद्धीतथा साक्षरतामूलक कार्यक्रम,

(ख) लाभग्राही वा लक्षित वर्गको माग र समसामयिक विषयमा सचेतनामूलक कार्यक्रम।

७. शिक्षा तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम: (१) कार्यालयले लाभग्राही वा लक्षित वर्गको बालबालिकालाई विद्यालय शिक्षामा प्रोत्साहन गर्न पाठ्यसामग्री, स्टेशनरी, पोशाक लगायतका शैक्षिक सामाग्री उपलब्ध गराउन सक्नेछ।

(२) राउटे समुदायलाई नियमित स्वास्थ्य उपचार तथा स्वास्थ्य शिक्षा प्रदान गर्न स्वास्थ्यकर्मीको व्यवस्था गर्न सकिनेछ।

(३) राउटे समुदायका लागी अस्थाई बसाइ व्यवस्थापन सामाग्री, पोशाक तथा अत्यावश्यक खाद्यान्न सामाग्री, स्वास्थ्य सरसफाई सामाग्री उपलब्ध गराउन सकिनेछ।

(४) मन्त्रालयले विश्वविद्यालय वा प्राज्ञिक संस्था वा विकास साझेदार संस्थाको सहयोग, समन्वय र सहकार्यमा लोपोन्मुख तथा सीमान्तकृत समुदायको आर्थिक, सामाजिक विकास, संरक्षण, सम्वर्द्धन र उत्थानको लागि अध्ययन अनुसन्धान गर्न गराउन सक्नेछ।

८. सिप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन: (१) कार्यालयले प्रचलित तालिम मापदण्डको आधारमा लाभग्राही वा लक्षित वर्गको माग, कर्णाली प्रदेशको भूगोल, बजारको मागका आधारमा अनुसूची-१ बमोजिमको क्षेत्रमा सिप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नेछ।

(२) सिप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रममा सहभागी हुन देहाय बमोजिमका योग्यता पुगेका व्यक्ति योग्य हुनेछन्:-

(क) कर्णाली प्रदेशमा स्थायी बसोबास भएको,

(ख) सिप सिक्न तथा व्यवसाय सञ्चालन गर्न ईच्छुक भएको,

मा. खड्ग बहादुर पोखरेल मन्त्री

CamScanner

(ग) सिप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रममा नियमित उपस्थित भई सिप विकास गर्न प्रतिबद्ध भएको।

(३) कार्यालयले सिप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रममा सहभागी हुन स्थानीय पत्रिका वा रेडियो/एफ. एम. र कार्यलयको सुचना पार्टीमा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ। सूचनामा आवेदन पेश गर्ने मिति, समय, स्थान, पेश गर्नु पर्ने कागजात र तालिमको क्षेत्र उल्लेख गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको सूचना बमोजिम सिप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रममा सहभागी हुन चाहने लाभग्राही वा लक्षित वर्गले आफुले सिक्न चाहेको सिपको क्षेत्र खुलाई अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको आवेदनबाट लाभग्राही वा लक्षित वर्गको छनोट गर्दा दफा ५ को उपदफा (२) बमोजिमको प्राथमिकतालाई आधार मान्नु पर्नेछ।

(६) सिप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रममा सहभागी हुन छनोट भएका लाभग्राही वा लक्षित वर्गलाई सिप विकास तथा क्षमता अभिवृद्धि सम्बन्धी तालिम बढीमा छ महिनाको दिइनेछ।

(७) यस दफा बमोजिम सिप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्दा कार्यालयले छनोट भएका लाभग्राही वा लक्षित वर्गसँग अनुसूची-३ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

९. <u>बिउपुँजी परिचालन मार्फत् जीविकोपार्जन र आयआर्जन कार्यक्रमः</u> (१) कार्यालयले लाभग्राही वा लक्षित वर्गको जीविकोपार्जन र आयआर्जनको लागि लाभग्राही सदस्य रहेको सहकारीलाई बिउपुँजी उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम बिउपुँजी उपलब्ध गराउन कार्यालयले लाभग्राही वा लक्षित वर्गलाई बिउपुँजी परिचालन मार्फत् जीविकोपार्जन र आयआर्जन कार्यक्रमा सहभागी हुन कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना स्थानीय पत्रिका वा रेडियो/एफ. एम. र कार्यलयको सुचना पार्टीमा प्रकाशन गर्नु पर्नेछ। सूचनामा आवेदन पेश गर्ने मिति, स्थान, पेश गर्नुपर्ने कागजात समेत खुलाउनु पर्नेछ।

(३) बिउपुँजी प्राप्त गर्न इच्छुक सहकारीले देहायको कागजात सहित सूचनामा तोकेको समयमा बिउपुँजी रकम माग गरी कार्यालयमा आवेदन दिनु पर्नेछः-

(क) अनुसूची-४ बमोजिमको प्रतिबद्धता,

(ख) अनुसूची-५ बमोजिमको ढाँचामा व्यावसायिक योजना,

(ग) सहकारीको वित्तिय अवस्थाको मूल्याङ्कन,

(घ) ऋण परिचालन गर्न सक्ने व्यवस्थापकीय प्रस्तावको मूल्याङ्कन,

(ङ) सहकारीमा लाभग्राही वा लक्षित वर्गको सदस्य संख्या खुल्ने कागजात,

(च) यस अघि सरकारी वा अन्य कुनै निकायबाट अनुदान वा कुनै सहुलियत प्राप्त गरी त्यसको दुरुपयोग नगरेको,

(छ) लाभग्राही वा लक्षित वर्गलाई मात्र ऋण परिचालन गर्ने प्रतिवद्धता,

(ज) नियमित रुपमा साधारण सभा गरिरहेको,

(झ) नियमित रुपमा लेखापरीक्षण गरिरहेको,

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

CamScanner

(ञ) विगत दुई बर्ष देखी घाटामा नरहेको,

(ट) गैर सदस्यसँग कारोबार नभएको खुल्ने,

(ठ) नियमित रुपमा कर चुक्ता गरेको,

(ड) बिउपुजी परिचालन मार्फत् जीविकोपार्जन र आयआर्जन कार्यक्रममा सहभागी हुन संस्थागत निर्णय,

(ढ) कम्तिमा दुई बर्ष अघि दर्ता भई नियमित रुपमा सञ्चालनमा रहेको,

(ण) कार्यविधि विपरीत बिउपुँजी रकम लगानी तथा दुरुपयोग नगर्ने कबुलियतनामा,

(त) कार्यविधि बमोजिम लगानी गरिएको ऋण सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्ने प्रतिवद्धता,

(थ) प्रत्येक तीन महिनामा ऋण परिचालन, असुली र ऋण प्रवाहका सम्बन्धमा प्रतिवेदन पेश गर्ने प्रतिवद्धता।

(४) उपदफा (३) बमोजिम प्राप्त आवेदनलाई मूल्याङ्कन गरी सहकारी छनोट गर्न कार्यालयले एक मूल्याङ्कन समिति गठन गर्नेछ। सहकारी छनोट गर्न अङ्क विभाजन अनुसूची-६ बमोजिम हुनेछ।

(५) मूल्याङ्कन समितिले कार्यालमा मूल्याङ्कन प्रतिवेदन पेश गर्नु पर्नेछ। कार्यालयले प्राप्त मूल्याङ्कन प्रतिवेदनको आधारमा विउपुजी उपलब्ध गराउने सहकारीको छनोट गर्नेछ।

(६) छनोट भएका सहकारीको सूची सार्वजनिक जानकारीका लागि कार्यालयको सूचनापाटी र मन्त्रालयको वेबसाईटमा प्रकाशित गर्नु पर्नेछ।

(७) छनोट भएको सहकारीलाई एक आर्थिक बर्षमा बढीमा तीन लाख रुपैयाँसम्म बीउँपुजी उपलब्ध गराइनेछ।

(८) कार्यालयले बिउपुँजी प्रदान गर्दा अनुसूची-७ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(९) सहकारीले बिउपुँजी परिचालन देहाय बमोजिम गर्नुपर्नेछ:-

(क) बिउपुँजी परिचालनका लागि प्राप्त रकमको एक बिउपुँजी कोष स्थापना गर्नुपर्नेछ,

(ख) बिउपुँजी परिचालन र व्यवस्थापनका लागी समिति गठन गर्नु पर्नेछ,

(ग) आयमूलक व्यवसाय तथा आयआर्जन क्रियाकलाप सञ्चालनका लागि बिउपुँजी रकम परिचालन गर्नु पर्ने,

(घ) लाभग्राही वा लक्षित वर्गका एक सदस्यलाई बढिमा दुई बर्षको लागि ऋण स्वरुप लगानी गर्नुपर्नेछ। लाभग्राही वा लक्षित वर्गको सदस्य छनोट गर्दा दफा ५ को उपदफा (२) बमोजिमको प्राथमिकताको आधारमा र अन्य सरकारी निकायबाट अनुदान प्राप्त नगरेको व्यक्तिलाई छनोट गर्नु पर्नेछ,

(ङ) बिउपुँजी कोषबाट ऋण लगानी गर्दा बार्षिक तीन प्रतिशत नबढ्ने गरी ब्याज निर्धारण गर्नुपर्नेछ,

(च) बिउपुँजीको रकम परिचालनबाट प्राप्त ब्याजको एक प्रतिशत रकम बिउपूँजी कोषमा जम्मा गरी कोषलाई बृद्धि गर्दै लैजाने र बाँकी दुई प्रतिशत रकम सहकारी संस्थाले आम्दानीको रुपमा उपयोग गर्नु पर्नेछ।

(छ) सहकारीले लाभग्राही वा लक्षित वर्गलाई आयमूलक व्यवसाय सञ्चालन गर्न गरिएको ऋण लगानी दुई वर्ष भित्र व्याज सहित फिर्ता नगरेमा सम्बन्धित

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

CamScanner

सहकारीले म्याद सकिएको तीन महिना भित्र बिउपुँजी कोषमा रकम जम्मा गर्नु पर्नेछ। तीन महिना भित्र सम्बन्धित सहकारीले रकम जम्मा नगरेमा सरकारी बाँकी सरह कार्यालयले असुल गर्नेछ।

(१०) उपदफा (५) बमोजिम छनोट भएको सहकारीलाई सम्झौता पश्चात उक्त सहकारीको बैङ्क खातामा बिउ पुँजी उपलब्ध गराउँनु पर्नेछ। सहकारीले लाभग्राही वा लक्षित वर्गलाई ऋण स्वारुप लगानी गर्दा बैंक मार्फत् गर्नु पर्नेछ।

१०. <u>निर्देशक समिति:</u> (१) कार्यक्रम सञ्चालनका लागि नीतिगत मार्गदर्शन, समन्वय र सहजीकरण गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) सचिव, मन्त्रालय -सदस्य

(ग) अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(घ) प्रमुख, प्रशासन तथा योजना महाशाखा, मन्त्रालय -सदस्य

(ङ) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(च) अधिकृत प्रतिनिधि, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -सदस्य

(छ) प्रमुख, सामाजिक विकास महाशाखा, मन्त्रालय -सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार विषय विज्ञ र विषयगत मन्त्रालय वा कार्यालयका प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक कम्तीमा चार महिनामा एक पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

११. <u>समितिको काम, कर्तव्य र अधिकार:</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकतानुसार नीतिगत निर्देशन, समन्वय र सहजीकरण गर्ने,

(ख) कार्यक्रम सञ्चालनमा आइपरेका समस्या समाधान गर्न आवश्यक सहजीकरण गर्ने,

(ग) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने।

१२. <u>बजेट बाँडफाँट:</u> (१) लोपोन्मुख तथा सीमान्तकृत वर्गको लागि जीविकोपार्जन र आयआर्जन कार्यक्रमका लागि विनियोजित बजेटबाट दुई प्रतिशत मन्त्रालयमा र जिल्लामा प्राप्त भएको कूल बजेटको अधिकतम पाँच प्रतिशत रकम सञ्चालन खर्च छुटयाई बाँकी बजेटलाई शत प्रतिशत मानी देहाय बमोजिम बजेट बाडफाँट गर्नु पर्नेछः-

(क) सचेतना अभिवृद्धि तथा अभिमुखीकरण कार्यक्रम - दश प्रतिशत

(ख) शिक्षा तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम - पन्ध्र प्रतिशत

(ग) सिप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम - पैंतीस प्रतिशत

(घ) बिउपुँजी परिचालन मार्फत् जीविकोपार्जन र आयआर्जन कार्यक्रम - चालिस प्रतिशत

<u>स्पष्टीकरण:</u> यस उपदफाको प्रयोजनको लागि "सञ्चालन खर्च" भन्नाले सूचना प्रकाशन, बैठक खर्च, अनुगमन, प्रतिवेदन, परामर्श र मसलन्द खर्च सम्झनु पर्छ।

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

CamScanner

(२) लक्षित वर्गको जनसंख्या तथा कार्यक्रमको आवश्यकताको आधारमा जिल्लागत रुपमा मन्त्रालयले बजेट विनियोजन गर्नु पर्नेछ।

१३. <u>खर्चमा बन्देज</u>:- कार्यक्रम सञ्चालन गर्ने कार्यालय र लाभग्राहीले कार्यक्रम कार्यान्वयनको लागि प्राप्त रकमबाट देहायको खर्च पाउने छैन:-

(क) दफा १२ बमोजिमको कार्यक्रम बाहेक अन्य कुनै क्रियाकलापमा खर्च गर्न,

(ख) आर्थिक सहायता तथा चन्दा प्रदान गर्न र

(ग) तलब, भत्ता, पारिश्रमिक र प्रशासनिक क्रियाकलापमा खर्च गर्न।

१४. <u>कारवाही हुने</u>:- कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेश गरेमा, बिउपुँजी रकमको दुरुपयोग गरेमा त्यस्ता लाभग्राही वा लक्षित वर्गलाई प्रदान गरिएको रकम असूल उपर गरी प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

१५. <u>कार्यक्रम दोहोरो पर्न नहुने</u>: लोपोन्मुख तथा सीमान्तकृत वर्गका लागि जीविकोपार्जन र आयआर्जन कार्यक्रम सञ्चालन गर्दा संघ तथा स्थानीय तहसँग दोहोरो नपर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

१६. <u>कार्यालयको काम, कर्तव्य र अधिकार</u>:- कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ख) बिउपुँजी प्रदान गरिएको समूह वा सहकारीको विवरण अभिलेखीकरण गर्ने,

(ग) मागमा आधारित कार्यक्रम तथा क्रियाकलाप तयार गर्ने र कार्यान्वयन गर्ने,

(घ) कार्यक्रमको मासिक, चौमासिक र वार्षिक प्रतिवेदन मन्त्रालयमा पेश गर्ने,

(ङ) कार्यक्रमको स्वामित्व लिई निरन्तर एवं दिगोपनको लागि आवश्यक कार्य गर्ने,

(च) सार्वजनिक सुनुवाई वा सार्वजनिक लेखापरीक्षण गर्ने, गराउने,

(छ) कार्यक्रम सञ्चालन बारे सम्बन्धित निकायसँग समन्वय सहकार्य गर्ने, गराउने,

(ज) प्रचलित कानून बमोजिम लेखापरीक्षण गर्ने, गराउने।

१७. <u>कानून बमोजिम हुने</u>: यस कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम हुनेछ र यस बाहेकका अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ।

१८. <u>अनुगमन र मूल्याङ्कन: कार्यक्रम</u> कार्यान्वयनको सम्बन्धमा मन्त्रालय र कार्यालयले अनुगमन, निरिक्षण तथा मूल्याङ्कन गर्नेछ।

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

CamScanner

अनुसूची-१

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

<u>तालिमको विषय क्षेत्र</u>

| क्र.सं. | सिपको विवरण | क्र.स. | सिपको विवरण |
|---|---|---|---|
| १. | मोटर ड्राइभिङ | २. | मोवाइल मर्मत |
| ३. | ब्युटिपार्लर | ४. | सिलाइकटाइ |
| ५. | कुखुरा पालन | ६. | कुकिङ्ग |
| ७. | प्लम्बर | ८. | हाउस वाइरीङ्ग |
| ९. | फाइवर व्याग उत्पादन | १०. | फर्निचर उद्योग सम्बन्धी |
| ११. | कृषि उपज सम्बन्धी | १२. | डकर्मी/सिकर्मी तालिम |
| १३. | माछा पालन तथा प्रशोधन | १४. | कम्प्युटर तालिम |
| १५. | अटो पाट्स मर्मत | १६. | परम्परागत बाजा निर्माण सम्बन्धी सिप |
| १७. | होम स्टे सम्बन्धी तालिम | १८. | अन्य |

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

फोटो

अनुसूची-२

(दफा ८ को उपदफा (४) सँग सम्बन्धित)

## आवेदनको ढाँचा

मितिः .................

श्री ......................

............................ कार्यालय,

............................ जिल्ला।

विषयः आवेदन पेश गरिएको सम्बन्धमा।

तहाँ कार्यालयबाट मिति ..... ........... मा प्रकाशित सूचना अनुसार लोपोन्मुख तथा सीमान्तकृत समुदायको लागि जीविकोपार्जन र आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बमोजिम लोपोन्मुख तथा सीमान्तकृत समुदायको लागि जीविकोपार्जन र आयआर्जन कार्यक्रममा सहभागी हुन देहाय बमोजिमको विवरण सहित यो आवेदन पेश गरेको छु।

१. नाम थर ........................................................ सम्पर्क नं. ..........................................

२. ठेगानाः ................. जिल्ला ....................... गा.पा./न.पा. ..............
   वडा ........ टोल ............................

३. लिङ्ग : (क) महिला (ख) पुरूष (ग) अन्य

४. जन्म मितिः उमेरः

५. समूह (चिन्ह लगाउनुहोस)
   (क) राउटे (ख) राजी (ग) बोटे (घ) कुसुन्डा (ङ) माझी (च) बादी समुदाय
   (छ) मुक्त हलिया (ज) डोल्पो (ज) गन्धर्व (झ) कुमाल

६. उपसमूह (चिन्ह लगाउनुहोस)
   (क) अपाङ्गता भएका व्यक्ति (ख) यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्ति (ग) एकल महिला (घ) परिवारमा कुनै नियमित आय नभएका व्यक्ति

७. निवेदकले इच्छाएको सिप उल्लेख गर्नुहोस्:

८. सिप परीक्षण गर्न चाहेको सिपको नामः

९. संलग्न कागजातः
   १. नागरिकताको प्रतिलिपि,
   २. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।

आवेदकको,

नाम थरः

दस्तखतः

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

अनुसूची-३

(दफा ८ को उपदफा (७) सँग सम्बन्धित)

## कार्यालय र सिप विकास तालिम कार्यक्रममा सहभागी हुने लाभग्राही बीच हुने सम्झौताको ढाँचा

........................................................ कार्यालय (यसपछि "पहिलो पक्ष" भनिएको) र .................. जिल्ला ......................... गा.पा./न.पा. .......वडा नं. ....................बस्ने.................... को नाती/नातिनी .................... को छोरा/छोरी ................................ (यसपछि "दोस्रो पक्ष" भनिएको) बीच देहायका शर्त पालना गरी लोपोन्मुख तथा सीमान्तकृत समुदायको लागि जीविकोपार्जन र आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बमोजिम सिप विकास तथा क्षमता अभिबृद्धि कार्यक्रममा सहभागी हुन मञ्जुर भई यो सम्झौता गरिएको छ।

१. यो सम्झौता मितिः ....................... देखि प्रारम्भ हुनेछ।

२. पहिलो पक्षले तोकेको समयमा दोस्रो पक्ष तालिम कार्यक्रममा ....................अवधि भर नियमित रुपमा सहभागी भई आफ्नो क्षमता विकास गराउनु पर्नेछ।

३. आवश्यकता पहिचान भएका सिप वा पेशा व्यवसाय तालिममा सहभागी भई परम्परागत पेशा व्यवसायलाई निरन्तरता दिई आय आर्जनमा बृद्धि गर्नु पर्नेछ।

४. तालिममा सहभागी भए पश्चात दोस्रो पक्षले स्थानीय तहसँग समेत समन्वय गरी तालिमको अभिलेख अद्यावधिक गराउनु पर्नेछ।

५. पहिलो पक्षले तालिम सम्पन्न पश्चात दोस्रोलाई तालिमको प्रमाण पत्र उपलब्ध गराउन सक्नेछ।

६. पहिलो पक्षले दोस्रो पक्षलाई पुनर्ताजगी तालिम कार्यक्रममा आमन्त्रण गरेमा दोस्रो पक्ष सहभागी हुनु पर्नेछ।

७. दोस्रो पक्षले आय आर्जन बृद्धि हुने रोजगार वा स्वरोजगार सिर्जना हुने क्षेत्रमा काम गर्नु पर्नेछ।

८. कार्यक्रमको निर्देशक समिति र .... कार्यालयबाट निर्धारित आधार, मापदण्ड तथा निर्देशनलाई दोस्रो पक्षले तालिम अवधिभर र तालिम पछि समेत कार्यान्वयन तथा पालना गर्नु पर्नेछ।

<u>पहिलो पक्ष</u>

दस्तखत

नाम

पद

कार्यलयको छाप

<u>रोहवर</u>

दस्तखत

नाम

पद

ठेगाना

<u>दोस्रो पक्ष</u>

दस्तखत

नाम

ठेगाना

<u>रोहवर</u>

दस्तखत

नाम

पद

ठेगाना

इति सम्वत् साल ..................... महिना ......... गते रोज .... शुभम्।

ना. खड्ग बहादुर पोखरेल
मन्त्री

CS CamScanner

अनुसूची-४

(दफा ९ को उपदफा (३) को खण्ड (क) सँग सम्बन्धित)

## प्रतिबद्धता-पत्र

लोपोन्मुख तथा सीमान्तकृत समुदायको लागि जीविकोपार्जन र आयआर्जन कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा ....................................... सहकारी संस्था लिमिटेडको तर्फबाट देहाय बमोजिम कार्यान्वयन प्रतिबद्धता गर्दछौं।

(क) प्रचलित कानून तथा लोपोन्मुख तथा सीमान्तकृत समुदायको लागि जीविकोपार्जन र आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को पूर्ण पालना गर्नेछौं।

(ख) अनुदान रकमबाट प्रवाह हुने ऋण लोपोन्मुख तथा सीमान्तकृत समुदायका व्यक्तिलाई मात्र लगानी गर्नेछौं र ब्याज दर तिन प्रतिशतसम्म हुने व्यवस्था गर्नेछौं।

(ग) परम्परागत पेशा, व्यवसाय तथा सिपको आधुनिकीकरण हुने, उत्पादनमूलक र आय आर्जन बृद्धि हुने र स्थानीय आवश्यकता अनुसार मागमा आधारित परियोजनामा मात्र ऋण परिचालन गर्नेछौं।

(घ) लक्षित वर्गका लाभग्राहीले कार्ययोजना अनुसारको कार्य सञ्चालन नगरी परियोजनाको निर्धारित अवधि अगावै सो कार्य बन्द गरेमा वा उत्पादनमूलक कार्यमा लगानी नगरी अन्य अनुत्पादक क्षेत्रमा लगानी गरेको पाइएमा त्यस्ता लाभग्राहीबाट प्रचलित ब्याज र हर्जाना सहित फिर्ता गरी अन्य लाभग्राहीको ऋणमा पहुँच बढाउने छौं।

(ङ) स्वीकृत लाभग्राहीको सूची बमोजिमका लाभग्राहीलाई ऋण प्रवाह हुन नसकेमा वा अनुदान रकम निष्कृय रहेमा त्यस्तो लाभग्राहीको लागि विनियोजित अनुदान रकम प्रदेश सरकारलाई फिर्ता गर्नेछौं।

(च) समान प्रकृतिको कार्यका लागि यस अघि कुनै कार्यक्रम मार्फत अनुदान लिएका छैनौं।

(छ) अधिकतम् लाभग्राहीलाई अनुदान कार्यक्रम अवधारणा अनुसार समेट्नको लागि आफ्नो कार्यक्षेत्र बृद्धि गर्दै लैजाने प्रयत्न गर्नेछौं।

(ज) सहकारी मुल्य मान्यता, सिद्धान्त, सहकारी कानून र संस्थाको विनियम विपरीत हुने गरी कार्यक्रम सञ्चालन गर्ने छैनौं।

(झ) जगेडा कोषमा प्राप्त अनुदान रकमलाई पहिलो पटक लगानी भएको ऋण असुली भए पश्चात पुनः कार्यक्रमले लक्षित गरेका लक्षित वर्गका लाभग्राहीलाई आय आर्जनका लागि ऋण प्रवाह गर्नेछौं।

(ञ) सहकारी संस्थाले ऋण परिचालनबाट प्राप्त गर्ने कुल ब्याज रकममध्ये पचास प्रतिशत रकम मूल बिउपुंजीमा वृद्धि हुने गरी सहकारी संस्थाको जगेडा कोषमा जम्मा गर्नेछौं र बाँकी पचास प्रतिशत रकम आम्दानीको रुपमा उपयोग गर्नेछौं।

(ट) यसमा व्यक्त भएका हाम्रा प्रतिबद्धता अनुसार अनुशरण र अवलम्वन नगरेमा प्रचलित कानून बमोजिम सहुला/बुझाउँला।

<u>सहकारी संस्थाको तर्फबाट</u>

सहकारी संस्थाको नामः...............................

ठेगानाः ............................ दाँया बाँया

सम्पर्क नं. .......................

अध्यक्षको नाम थरः

दस्तखतः ..........................

संस्थाको छापः ..................

मितिः ..............................

कबुलियत विवरण (सञ्चालक समिति अध्यक्ष, कोषाध्यक्ष र सचिव)

| नाम | पद | ठेगाना | सम्पर्क नं. | दाँया | बाँया |
|---|---|---|---|---|---|
| | | | | | |

CamScanner

अनुसुची-५

(दफा ९ को उपदफा (३) को खण्ड (ख) सँग सम्बन्धित)

## व्यावसायिक योजना प्रस्तावको ढाँचा

(१)

(क)सहकारीको नामः

(ख) उद्देश्यः

(ग) कार्यः

(घ) शेयर सदस्य संख्याः

(ङ) स्थिर पुंजी

१. जग्गा र भवन रु. ....................।-

२. फर्निचर रु. ....................।-

३. मेसिनरी औजार रु. ...... ........ ......।-

४. ............... मेसिन रु. ..................।-

५. .............. रु. ....................।-

६. .................... रु. ....................।-

(च) कुल जम्मा स्थिर पुंजी रु. ....................।-

(छ)व्यावसायिक प्रयोजनको लागि चालु पुँजी

१. कच्चा पदार्थ एकमुष्ठ रु. ...... ........ ......।-

२. उत्पादन प्रशोधन तथा बजार तयारी लागत मुल्य रु. .............।-

३. अन्य सामग्रीको लागि एकमुष्ठ रु. .............।-

(ज) कुल चालु पुँजी रु. ..... ........।-

(झ) जम्मा आवश्यक (च) र (छ) को लागि जम्मा रु. .............।-

(ञ) पुँजीको श्रोत

१. शेयर पुँजी \ रु. .............।-

२. अनुदान बापत प्राप्त हुने पुँजी रु. .............।-

३. बैंक तथा वित्तीय संस्थामा रहेको रकममा प्राप्त ब्याज रु. .............।-

४. जगेडा कोष रु. .............।-

५. बैंक तथा वित्तीय संस्थाबाट ऋण रु. .............।-

६. अन्य रु. .............।-

७. पुँजी श्रोत जम्मा रु. .............।-

(ट) संस्थाको / लाभग्राही समूहको आय वा आम्दानी

१. ............ बिक्री रु. ............।-

२. ............

(ठ) संस्थाको व्यय

१. तलब तथा ज्याला रु. ............।-

२. अतिरिक्त प्रोत्साहन रकम रु. ............।-

३. मसलन्द वा प्रशासनिक खर्च रु. ............।-

४. ऋणको व्याज फिर्ता रु. ............।-

५. सम्पत्तिमा ह्रास कट्टी रु. ............।-

६. मर्मत सम्भार रु. ............।-

७. ईन्धन तथा उर्जा रु. ............।-

८. व्यवसायगत चालु खर्च रु. ............।-

९. विविध खर्च रु. ............।-

१०. जम्मा व्यय रु. ............।-

(ड) जम्मा नाफा वा घाटा (खर्च भन्दा आय वा आम्दानी धैरै भएमा नाफा र कम भएमा घाटा)

१. आय वा आम्दानी जम्मा रु. ............।-

२. व्यय वा खर्च जम्मा रु. ............।-

३. खुद नाफा वा नोक्सान रु. ............।-

<u>द्रष्टव्यः</u> यस व्यावसायिक योजनामा विवरण भर्दा लेखापरीक्षण प्रतिवेदनको आधारमा गत आर्थिक वर्षको असार मसान्तको विवरण भर्नु पर्नेछ।

(२) सदस्यले सहकारीमा पेश गर्ने व्यवसायिक योजनाको ढाँचा

१. व्यवसायको परिचयः..............................

२. व्यवसायको उदेश्यः..............................

३. व्यवसायको महत्वः..............................

४. हालको समस्याः..............................

५. व्यवसायको कार्ययोजनाः..............................

६. अनुमानित जनशक्तीः..............................

७. आवश्यक कच्चा पदार्थ र अन्य सामाग्रीः..............................

८. व्यवसायको लागी प्रयोग हुने प्रविधिः..............................

९. अनुमानित लागत पुँजीः..............................

१०. व्यवसायका लागी आवश्यक खर्चः..............................

११. उत्पादित बस्तुको बजार क्षेत्रः..............................

१२. व्यवसायवाट हुने अनुमानित आम्दानीः..............................

१३. अपेक्षीत उपलब्धिः..............................

निस्कर्षः..............................

CamScanner

अनुसुची-६

(दफा ९ को उपदफा ४ सँग सम्बन्धित)

## सहकारी छनोट गर्न अङ्क विभाजन

| क.स. | विवरण | अधिकतम अङ्कभार |
|---|---|---|
| १ | सहकारीले पेश गरेको व्यावसायिक औचित्य सहितको प्रस्तावित कार्ययोजना को मूल्याङ्कन | २० |
| | तुलनात्मक रुपमा उपयुक्त व्यवसायिक योजना (१०) | |
| | नवप्रवर्द्धनकारी व्यवसायिक योजना (५) | |
| | सिमान्तकृत वर्गको आर्थिक सामाजिक सशक्तिकरणमा योगदान (५) | |
| २ | सहकारीको वित्तिय अवस्थाको मूल्याङ्कन | १० |
| | जगेडा कोष, शेयर पूँजी र बचत गरी दश लाखसम्म (५) | |
| | जगेडा कोष, शेयर पूँजी र बचत गरी दश देखी बीस लाखसम्म (७.५) | |
| | जगेडा कोष, शेयर पूँजी र बचत गरी बीस लाख भन्दा बढी भएमा (१०) | |
| ३ | ऋण परिचालन गर्न सक्ने व्यवस्थापकीय प्रस्तावको मूल्याङ्कन | ५ |
| ४ | प्रस्ताव पेश गर्ने निर्णय संचालक समिति गरेको | ५ |
| ५ | विउपुँजी परिचालन गर्नका लागी समिति गठन भएको | ५ |
| ६ | लाभग्राही संख्या | ५ |
| | सहकारीमा लाभग्राही वा लक्षित वर्गको सदस्य संख्या पचास जना भन्दा कम भएमा (२.५) | |
| | सहकारीमा लाभग्राही वा लक्षित वर्गको सदस्य संख्या पचास जना भन्दा बढी भएमा (५) | |
| | जम्मा अङ्कभार | ५० |

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

CS CamScanner

अनुसुची-७
(दफा ९ को उपदफा ८ सँग सम्बन्धित)

## कार्यालय र वीउपुँजी परिचालन गर्ने इच्छुक सहकारी संस्था बीच हुने सम्झौताको ढाँचा

.............................................................. कार्यालय (यसपछि "पहिलो पक्ष" भनिएको) र ................. जिल्ला ........................गा.पा. /न.पा. ....... वडा नं. .................... टोलमा कार्यालय सञ्चालनमा रहेको ............................. सहकारी संस्था (यसपछि "दोस्रो पक्ष" भनिएको) बीच देहायका शर्त पालना गरी लोपोन्मुख तथा सीमान्तकृत समुदायको लागि जीविकोपार्जन र आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बमोजिम बिउपुँजी परिचालन मार्फत् जीविकोपार्जन र आयआर्जन कार्यक्रम सञ्चालन गर्न मञ्जुर भई यो सम्झौता गरिएको छ।

१. यो सम्झौता मितिः ।...।... देखि प्रारम्भ हुनेछ।

२. कार्यविधि बमोजिम पहिलो पक्षले दोश्रो पक्षलाई लाभग्राही वा लक्षित वर्गको सदस्यको नाम नामेशी विवरण र रकम सहितको सूचीका आधारमा जगेडा कोषमा रहने रु. ........... र अन्य खर्च बापत रु. ............ समेत जम्मा रु..................... उपलब्ध गराउनेछ। लाभग्राही सदस्यको सूची यस सम्झौताको अभिन्न अङ्ग हुनेछ।

३. यस सम्झौता बमोजिम प्राप्त भएको अनुदान रकममध्ये संस्थागत पुँजी बापतको रकम दोस्रो पक्षले जगेडा कोषमा जम्मा गरी लाभग्राही सदस्यको आय आर्जन का कार्यक्रममा मात्र सामूहिक जमानी वा सम्बन्धित सहकारी संस्थाको विनियमको व्यवस्था बमोजिम ऋण सुरक्षणको प्रवन्ध गरी ऋण परिचालन गर्नु पर्नेछ।

४. दोस्रो पक्षले विउँ पूजी परिचालन गर्दा बैंक मार्फत भुक्तानी गर्नु पर्नेछ।

५. दोस्रो पक्षले लोपोन्मुख तथा सीमान्तकृत समुदायको लागि जीविकोपार्जन र आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बमोजिम बढीमा बार्षीक तीन प्रतिशत व्याजदरमा ऋण प्रवाह गर्नु पर्नेछ। प्राप्त ब्याज मध्ये एक प्रतिशत रकम बिउपूँजी कोषमा जम्मा गरी कोषलाइ बृद्धि गराउदै लैजाने र बाँकी दुई प्रतिशत रकम सहकारी वा समुहले आफुले आम्दानीको रुपमा उपयोग गर्न आम्दानीमा हिसाव राखि आम्दानी जनाउनु पर्नेछ ।

६. दोस्रो पक्षले लोपोन्मुख तथा सीमान्तकृत समुदायको लागि जीविकोपार्जन र आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०८० र सहकारी ऐन, नियम तथा संस्थाको विनियम र ऋण परिचालन नीति अन्तर्गत रही ऋण परिचालन गर्नु पर्नेछ।

७. यस कार्यक्रम अन्तर्गत प्रवाह भएको ऋण असुल गर्ने दायित्व दोस्रो पक्षको हुनेछ। त्यस्तो ऋण असुल नभएमा दोस्रो पक्ष जिम्मेवार हुनेछ।

८. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम हुनेछ।

९. भुक्तानी हुने बैङ्क र खाता सम्बन्धी विवरण देहाय बमोजिम रहेको छः-

(क) सहकारी संस्थाको नामः..................................................................

CamScanner

(ख) खाता नम्वरः.......................................................................................

(ग) खाता रहेको बैङ्क र ठेगानाः ...................................................................

१०. लोपोन्मुख तथा सीमान्तकृत समुदायको लागि जीविकोपार्जन र आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०८०  अन्तर्गत प्रथम पक्षले दोश्रो पक्षलाई स्वीकृत लाभग्राहीको सूची बमोजिमका लाभग्राहीलाई ऋण प्रवाह हुन नसकेमा उक्त लाभग्राहीको लागि विनियोजित अनुदान रकम कार्यविधि बमोजिम प्राथमिकता प्राप्त लाभग्राहीलाई प्राथमिकताक्रम अनुसार परिचालन गर्नु पर्नेछ र कुनै कारण अनुदान रकम निस्कृय रहने अवस्था भएमा प्रदेश सरकारलाई वार्षिक दश प्रतिशत ब्याज सहित फिर्ता गर्नु पर्नेछ।

११. दोस्रो पक्षले अनुदान रकम हिनामिना गरेमा, दुरुपयोग गरेमा वा निस्कृय राखेमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह सहकारी संस्थाबाट प्रदेश सरकारले असुल उपर गर्नेछ।

१२. प्रदेश सरकारका निकाय तथा प्रचलित नियमन अधिकार भएका पक्षबाट हुने निरीक्षण, अनुगमन तथा मूल्याङ्कन एवम् माग भएको प्रगति प्रतिवेदनको कार्यमा सहयोग गर्नु सहकारी संस्थाको कर्तव्य हुनेछ।

१३. वर्षको एक पटक यस कार्यक्रमको कार्यान्वयन तथा उपलब्धी अवस्था बारेमा दोस्रो पक्षले उपयुक्त माध्यमबाट सार्वजनिक सुनुवाई वा उपयुक्त विधिबाट सार्वजनिक गर्नु पर्नेछ।

१४. लोपोन्मुख तथा सीमान्तकृत समुदायको लागि जीविकोपार्जन र आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बमोजिम शर्त पूर्ण रुपमा पालना गर्नेछौं।

१५. यो सम्झौतामा उल्लेख भएका विषय यसै बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

<u>पहिलो पक्ष</u>

दस्तखत

नाम

पद

कार्यलयको छाप

<u>दोस्रो पक्ष</u>

दस्तखत

नाम

पद

संस्थाको छाप

<u>रोहवर</u>

दस्तखत

नाम

पद

ठेगाना

<u>रोहवर</u>

दस्तखत

नाम

पद

ठेगाना

कबुलियत विवरण (सञ्चालक समिति अध्यक्ष, कोषाध्यक्ष र सचिव)

| नाम | पद | ठेगाना | सम्पर्क नं. | दांया | बांया |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

इति सम्वत् साल ..................महिना .........गते रोज.... शुभम्।